प्रदेश सरकार
लुम्बिनी प्रदेश
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
मुकाम: बुटवल, नेपाल

☎: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

## सहकारी बजार स्थापना तथा सञ्चालन गर्न चाहाने सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/11/28

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहकारी बजार स्थापना तथा सञ्चालन गर्न चाहने लुम्बिनी प्रदेश भित्रका प्रदेश स्तरको कार्यक्षेत्र भएका ईच्छुक सहकारी संस्था मध्य सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ को बमोजिमको मापदण्ड पुगेका सहकारी संस्थाले दफा ५ अनुसारको कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालय वा सहकारी प्रशिक्षालय नेपालगञ्ज, बाँके वा घरेलु तथा साना उद्योग कार्यालय दाङमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण "सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि,२०७८" बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

**प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः-२०७८/११/१५**

# सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८

**<u>प्रस्तावना</u>:** प्रदेशभित्र कृषि उपजका लागि सहजरुपमा बजारको पहूँच स्थापित गर्दै गुणस्तरयुक्त कृषि उपजको उत्पादन तथा उपभोगमा प्रोत्साहन गरी कृषि बजारलाई उत्पादक तथा उपभोक्तामैत्री बनाउँदै कृषि उपजको विविधीकरण, व्यवसायीकरण, बजारीकरण गर्न मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको सहकारी बजार स्थापना तथा सञ्चालन कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" मन्त्रालयले सहकारी बजार स्थापना तथा सञ्चालनका लागि यस कार्यविधि बमोजिम तोकिएका क्षेत्र तथा क्रियाकलापमा सहकारी संस्थालाई प्रदान गरिने रकम सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" सहकारी बजार स्थापना तथा सञ्चालनका लागि प्रस्ताव स्वीकृत भई कार्यान्वयन गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका प्रारम्भिक सहकारी संस्था तथा संघ सम्झनु पर्छ।

(ग) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, अलैंची, सुपारी, घाँसेबाली, तेलहन, दलहन, कपास, जुट, उखु, रबर, कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनमा प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ।

(घ) "कार्यविधि" भन्नाले सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्छ।

(ङ) “फर्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि खण्ड (ग) मा उल्लिखित वस्तुको व्यवसायिक रुपमा उत्पादन गर्नका लागि खोलिएको व्यवसायिक फर्मलाई सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "महाशाखा" भन्नाले मन्त्रालयको सहकारी विकास महाशाखा सम्झनु पर्छ।

(झ) “विशिष्टिकृत संघ” भन्नाले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भएका विशिष्टिकृत सहकारी संघलाई सम्झनु पर्छ।

(ञ) “सदस्य” भन्नाले सहकारी संस्था/संघका सदस्यलाई सम्झनु पर्छ।

(ट) “सहकारी बजार” भन्नाले सहकारीद्वारा आफ्ना सदस्यको प्रत्यक्ष सहभागितामा सामूहिक जोखिम बहन गर्ने गरी कृषि उपज तथा जडिबुटीको खरिद, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा बिक्री वितरण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ठ) “सहकारी संस्था” भन्नाले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम स्थापना भएका विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था, विषयगत जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ वा प्रदेश सहकारी संघ समेतलाई सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **कार्यक्रमका उद्देश्य**: यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) उत्पादित कृषि उपजको खरिद बिक्री गरी लाभको समान वितरण प्रणालीको विकास गर्ने,

(ख) किसानले उत्पादन गरेको कृषि उपजको सहजतापूर्वक बजारको पहुँच, ढुवानी र उचित मूल्य पाउने वातावरण सिर्जना गर्ने,

(ग) खाद्य आहार/व्यवहार (Food Habit) मा आएको परिवर्तन अनुसार भीर, पाखा तथा प्रयोगमा नआएको जग्गामा उत्पादन हुने खाद्य वस्तुलाई संरक्षण, प्रवर्द्धन र उपभोग गर्ने वातावरण सिर्जना गर्ने,

(घ) कृषि कार्यलाई सम्मानित पेशाको रुपमा रुपान्तर गरी स्वदेशमै युवा जनशक्ति परिचालन गरी रोजगारीको अवसर सिर्जना गर्ने,

(ङ) कृषि उपजको व्यवसायिक उत्पादनमा जोड दिई उत्पादकत्व बृद्धि गर्ने,

(च) सहकारी बजारको माध्यमबाट स्थानीय तथा स्वदेशी उत्पादित वस्तुको बजारीकरण गरी कृषि, पशु तथा वनस्पतिजन्य वस्तुहरुको आयात प्रतिस्थापन गर्ने।

## परिच्छेद–२

## कार्यक्रम सञ्चालन विधि

४. **प्रस्ताव आव्हान तथा सूचना प्रकाशन**: मन्त्रालयले सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा स्थानीय तहमा सहकारी बजार सञ्चालनका लागि निर्देशक समितिले तोकेको जिल्ला तथा स्थानीय तहका योग्यता पुगेका सहकारी संस्थाबाट प्रस्ताव माग गर्न प्रदेशका राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ को ढाँचामा कम्तीमा १५ दिनको म्याद दिई प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नेछ।

५. **प्रस्ताव पेश गर्न सक्ने**: (१) सहकारी बजार स्थापना तथा सञ्चालनका लागि सहकारी संस्थाले प्रस्ताव पेश गर्दा प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना सहितको खामबन्दी प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको कागजात संलग्न राखी मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं. उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव साथ देहायका कागजात समेत पेश गर्नु पर्नेछः-

(क) तराईमा न्यूनतम २ कट्ठा र पहाडमा १ रोपनी जग्गा सुनिश्चितताको भरपर्दो प्रमाण,

(ख) संस्थाको आफ्नै घरजग्गा भए जग्गा दर्ता प्रमाण-पुर्जा र भाडामा लिने भएमा कम्तीमा ५ वर्षको घर/जग्गा धनीसँग सम्झौता गरेको सम्झौता-पत्र,

(ग) प्रस्तावदाता संस्थाको सदस्य संख्या तराईमा कम्तीमा २०० र पहाडमा कम्तीमा १०० भएको प्रमाण,

तर सहकारी संघको हकमा यो खण्ड लागू हुने छैन।

(घ) प्रस्तावदाता संस्थाले आफ्नो कार्यक्षेत्र, सदस्य संख्या र कारोबारको अवस्था स्पष्ट खुल्ने कागजात तथा पछिल्लो तीन आर्थिक वर्षको वार्षीक प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

तर सहकारी संस्था स्थापना भएको तीन वर्ष नपुगेको अवस्थामा कम्तीमा एक आर्थिक वर्षको प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ङ) प्रस्ताव साथ सञ्चालक समिति तथा प्रमुख व्यवस्थापकको व्यक्तिगत विवरण,

(च) अनुसूची-५ को ढाँचामा प्रतिवद्वता-पत्र।

(४) प्रदेश सरकारको अनुदानबाट विगत आर्थिक वर्षमा स्थापना भई सञ्चालनमा रहेका सहकारी बजारलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाले व्यवसायिक कारोबारको विवरण सहित यस दफा बमोजिम प्रस्ताव पेश गर्न सक्नेछन्।

(५) सहकारी बजार सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषिजन्य वस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

६. **<u>प्रस्तावको प्रारम्भिक मूल्याङ्कनः</u>** (१) मूल्याङ्कन समितिले सहकारी संस्थाबाट प्राप्त प्रस्तावको प्रारम्भिक छनौंटका लागि मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक मूल्याङ्कन गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थलगत प्रमाणीकरण गर्दा प्रस्ताव साथ पेश गरिएका विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन स्थलहरु प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको एकीन भएमा त्यस्ता प्रस्ताव स्वतः रद्द हुनेछ।

७. **<u>प्रस्तावको मूल्याङ्कनः</u>** (१) मूल्याङ्कन समितिले प्रारम्भिक छनौंटमा परेका प्रस्तावहरुको अनुसूची-७ बमोजिमको मापदण्डको आधारमा मूल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन समितिले पेश गरेका प्रस्तावहरुको कार्यक्रम व्यवस्थापन समितिले आवश्यक पुनरावलोकन गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावकको व्यवसायिक कार्ययोजना, संस्थाको लागत सक्षमता, कारोबारले समेट्ने क्षेत्र, भौगोलिक उपयुक्तता लगायतका विषयमा अध्ययन गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम छनौटमा परेको प्रस्तावदाता संस्थालाई आफूले पेश गरेको व्यवसायिक कार्ययोजनाको प्रस्तुतिको लागि कार्यक्रम व्यवस्थापन समिति वा मूल्याङ्कन समितिले आवश्यकता ठानेमा बोलाउन सक्नेछ।

८. **<u>प्रस्तावको स्वीकृतिः</u>** (१) कार्यक्रम व्यवस्थापन समितिले उपयुक्तताको आधारमा सिफारिस गरेका प्रस्ताव निर्देशक समितिले स्वीकृति गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रस्तावहरुको सूची मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) प्रस्ताव स्वीकृति सम्बन्धमा कुनै गुनासो भएमा उपदफा (२) बमोजिमको सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशक समिति समक्ष गुनासो पेश गर्न सकिनेछ।

९. **सम्झौता गर्नुपर्ने:** (१) मन्त्रालयले निर्देशक समितिबाट स्वीकृत भएका प्रस्तावदाता संस्थासँग सम्झौता गर्न सात दिनको समयावधि दिई सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्रमा आउने प्रस्तावदाता संस्थासँग मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरु थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर तोकिएको समयभित्र सम्झौता गर्न आउन नसक्ने कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी मन्त्रालयमा पूर्व सूचना दिएमा निर्देशक समितिको लिखित निर्णयको आधारमा सम्झौता गर्न आउने अवधि थप गर्न सकिनेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिम सम्झौता भएका संस्थालाई कार्यप्रारम्भ गर्न कार्यादेश दिनेछ।

१०. **अनुदान रकमको सीमा:** (१) सहकारी संस्थाले पेश गरेको व्यवसायिक कार्ययोजना प्रस्तावको आधारमा कुल पूँजीगत लागतको बढीमा ५० प्रतिशतसम्म वा अधिकतम रु.पन्ध्र लाख रुपैंयासम्म अनुदान प्रदान गर्न सकिनेछ।

(२) संस्थाको व्यवसायिक कार्ययोजना प्रस्तावको आधारमा बढीमा आगामी दुई वर्षसम्म उपदफा (१) मा उल्लिखित रकम सहित अधिकतम रु.तीस लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**११. अनुदान रकम भक्तानी विधि:** (१) मन्त्रालयले अनुदानग्राहीलाई अनुदान रकम भुक्तानी गर्दा कार्यसम्पन्नताका आधारमा बढिमा दुई किस्तामा भुक्तानी गर्न सक्नेछ।

(२) संस्थाले कार्ययोजना बमोजिम कुल लागत अनुमानमध्ये मन्त्रालयले प्रदान गर्ने सम्झौता बमोजिमको रकमको पचास प्रतिशत कार्य समाप्त भए पश्चात पहिलो किस्ता वापतको पचास प्रतिशत रकमसम्म भुक्तानी माग गर्न सक्नेछ।

(३) संस्थाले मन्त्रालय समक्ष भुक्तानी माग गर्दा देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) परियोजना तथा कार्यक्रममा भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइङ, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता प्रतिवेदन तथा सोका सक्कल बिल भरपाईहरु,

(ख) परियोजना तथा कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको सक्कल विल भरपाईहरु,

(ग) परियोजना तथा कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरु,

(घ) संस्थाले परियोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) संस्थाले अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(ज) सम्झौता पत्र तथा मन्त्रालयले तोकेका अन्य कागजातहरु।

(४) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टि हुने भएमा उक्त रकम कट्टि गरी भुक्तानी गर्नेछ।

(५) मन्त्रालयले भुक्तानी गर्दा अनुगमन समितिको सिफारिस प्रतिवेदनका आधारमा गर्नेछ।

(६) मन्त्रालयले उपदफा (३) बमोजिम पेश भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम अनुदानको सीमाभित्र रही भुक्तानी गर्नेछ।

(७) संस्थाले सम्झौतामा उल्लेख गरिएको अवधिभित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थितिको कारण सम्झौता अवधिभित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगाडी म्याद थपको निवेदन दिनु पर्नेछ र म्याद थप हुने वा नहुने सम्बन्धी निर्णय मन्त्रालयले गर्नेछ।

(८) अनुदान रकमबाट संस्थाले जग्गा खरिद कार्यमा प्रयोग गर्न पाइने छैन।

(९) मन्त्रालयले प्रदान गर्ने अनुदान रकम संस्थाको प्रशासनिक तथा चालु प्रकृतिका खर्चमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

१२. **निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मन्त्रालय | सदस्य |
| (घ) | अध्यक्षले तोकेको विषय क्षेत्रगत सम्बन्धित मन्त्रालयको सचिव | सदस्य |
| (ङ) | प्रमुख, महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) सहकारी बजार सञ्चालन गर्न उपयुक्त भौगोलिक क्षेत्र छनौट गर्ने,

(ग) कार्यक्रम व्यवस्थापन समितिवाट पेश भएका प्रस्ताव स्वीकृत गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समिति तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) कार्यक्रम कार्यान्वयनको अवस्थाका सन्दर्भमा अनुगमन गर्ने गराउन,

(च) कार्यविधिका सम्बन्धमा बाधा अड्काउ वा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालयमा सिफारिस गर्ने।

(३) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **कार्यक्रम व्यवस्थापन समिति**ः (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (घ) | प्रमुख, महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको अध्ययन गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) आवश्यकता तथा औचित्यताका आधारमा अनुदानको रकमको सीमा निर्धारण गरी निर्देशक समिति समक्ष प्रस्ताव सिफारिस गर्ने,

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित अस्वीकृत गर्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउने,

(ङ) कार्यक्रमको आवश्यकताका आधारमा अनुगमन तथा निरीक्षणका लागि टोली खटाउने।

(४) कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **मुल्याङ्कन समितिः** (१) यस कार्यविधि बमोजिम सहकारी बजार स्थापना तथा सञ्चालनको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, महाशाखा, मन्त्रालय | अध्यक्ष |
| (ख) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (घ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, सहकारी शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरु निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(ख) प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ग) मन्त्रालयमा प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौंट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्ने,

(घ) मूल्याङ्कन गर्दा अनुसूची-७ उल्लेख गरिएका मापदण्डका आधारमा गर्ने,

(ङ) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(४) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित मापदण्डका अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्नेछ।

१५. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) मन्त्रालयले सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेका सहकारी बजारको अनुगमन गर्न प्रदेश सरकार मातहतका सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कर्मचारी तथा पदाधिकारी रहने गरी संयुक्त समिति वा आवश्यकता अनुसार छुट्टा-छुट्टै कर्मचारी खटाई अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको कर्मचारी | संयोजक |
| (ख) | जिल्लास्थित घरेलु/कृषि/भेटेनरी कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख | सदस्य |
| (घ) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) | अध्यक्ष, जिल्ला सहकारी संघ | सदस्य |
| (च) | मन्त्रालयले तोकेको महाशाखाको कर्मचारी | सदस्य |

(३) मन्त्रालयले अनुगमन गर्दा उपदफा (२) बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित कार्यालय मार्फत सूचना दिनु पर्नेछ।

(४) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधार गर्नु पर्नेछ।

(५) अनुगमन समितिले अनुदानग्राहीले सञ्चालन गरेको सहकारी बजारको एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

१६. **आम्दानी खर्च सार्वजनिक गर्नुपर्ने:** संस्थाले मन्त्रालयवाट वा अन्य निकायवाट प्राप्त भएको अनुदान रकमको आम्दानी र खर्च देखिने गरी देहायबमोजिम आम्दानी खर्च सार्वजनिक गर्नु पर्नेछः-

(क) सहकारी बजारको मुख्य प्रवेश स्थलमा अनुदान रकम तथा सञ्चालन गरिने क्रियाकलाप सहितको होर्डिङ्ग बोर्ड सबैले देख्ने गरी राख्ने,

(ख) अनुदान रकम खर्च भएको विवरण, भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तथा संस्थाको कारोबारको अद्यावधिक विवरण मासिक रुपमा संस्थाको कार्यालयको सूचना पाटीमा राख्ने,

१७. **<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखा राखी लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा मन्त्रालयबाट प्राप्त अनुदानको विवरण समावेश भएको हुनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन गरेका संस्थाले आगामी तीन आर्थिक बर्षसम्मको वार्षीक कारोबारको लेखापरीक्षण प्रतिवेदन पौष मसान्तसम्म मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१८. **<u>बजार सञ्चालन समितिः</u>** (१) सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेको बजारलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सात सदस्यीय बजार सञ्चालक समिति गठन गर्नु पर्नेछ।

(२) बजार सञ्चालक समितिको गठन सहकारी संस्थाको साधारण सभाबाट अनुमोदन गर्ने गरी सञ्चालक समितिले गर्नेछ।

(३) सहकारी संस्थाले बजार सञ्चालन गर्न मुख्य बजार व्यवस्थापक र अन्य कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(४) बजार सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सहकारी बजारलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने,

(ख) बजार व्यवस्थापन योजना निर्माण गरी सभा/समितिवाट स्वीकृत गराई लागू गर्ने गराउने,

(ग) बजारको खरिद तथा बिक्रीको लगत राख्ने,

(घ) बजार व्यवस्थापनको लागि सरोकारवाला निकायसँग समन्वय गर्ने,

(ङ) उत्पादित वस्तुको सहज खरिद तथा सुरक्षित भण्डारणको प्रबन्ध गर्ने,

(च) बजारको सरसफाई र सुरक्षाको प्रबन्ध गर्ने,

(छ) कृषकबाट खरिद भएका उपजको मूल्य समयमै भुक्तानीको व्यवस्था गर्ने,

(ज) संस्थाको सञ्चालक समिति तथा सभाबाट तोकिएको अन्य कार्य गर्ने।

१९. **<u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः</u>** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२०. **समन्वय गर्न सक्ने:** मन्त्रालयले सहकारी बजारलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय तथा सम्वन्धित स्थानीय तहबीच समन्वय सक्नेछ।

२१. **कारबाहीको व्यवस्था:** (१) अनुदानग्राहीले कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्दा यस कार्यविधि, मन्त्रालयको निर्देशन तथा सम्झौताका शर्त बमोजिम गर्नु पर्नेछ।

(२) अनुगमन समितिले दिएका निर्देशन तथा प्रचलित कानूनमा भएका व्यवस्थाको पालना गर्नु अनुदानग्राही कर्तव्य हुनेछ।

(३) अनुगमनको क्रममा सम्झौता बमोजिम नभएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

२२. **अनुदान रकम रोक्का तथा असूल उपर गरिने:** (१) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा, सम्झौता बमोजिम कार्यान्वयन नगरेमा, मन्त्रालय वा अनुगमन समितिले दिएका निर्देशनको पालना नगरेमा अनुदान रकम रोक्का गर्न सकिनेछ।

(२) अनुदान रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा त्यस्ता अनुदान रकम संस्थाका सञ्चालक समिति तथा सम्बन्धित संस्थाका कर्मचारीको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२३. **बाधा अड्काउ र कार्यविधिको व्याख्या:** यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ र कार्यविधिको व्याख्याको सम्बन्धमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

२४. **अनुसूचीमा हेरफेर:** यस कार्यविधिमा उल्लेखित अनुसूचीहरु मन्त्रालयले आवश्यकताको आधारमा थपघट र हेरफेर गर्न सक्नेछ।

२५. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोहि बमोजिम हुनेछ।

२६. **खारेजी र बचाउ:** (१) प्रदेश सरकार साविक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

### (दफा ४ सँग सम्बन्धित)

### <u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः.........................

लुम्बिनी प्रदेश, प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालयको आ.व. ................ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका ...................... जिल्लामा प्रति जिल्ला एक/एक वटाका दरले सहकारी बजार स्थापना तथा सञ्चालनको लागि ईच्छुक सहकारी संघ/संस्थाहरुबाट रु. ............ र मन्त्रालयको अधिकतम रु. ............................लगानी साझेदारीमा कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले .............. दिनभित्र यस मन्त्रालय वा ....................निकाय/कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रमको व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको Website: moeap.lumbini.gov.np बाट प्रप्त गर्न सकिनेछ।

## अनुसूची-२

### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात

(१) संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,

(२) संस्थाको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि,

(३) पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(४) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(५) सञ्चालकहरू तथा प्रमुख व्यवस्थापकको वैयक्तिक विवरण,

(६) प्रमुख व्यवस्थापकको प्रतिवद्धता-पत्र,

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(८) सहकारीले गर्ने कार्यक्रमको व्यवसायिक कार्ययोजना,

(९) संस्थाले लगानी गर्ने स्रोत खुल्ने कागजात तथा सुनिश्चितता,

(१०) बजार स्थापना हुने स्थानको लागि सम्बन्धित स्थानीय तहको सिफारिस,

(११) कार्यक्रम सञ्चालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात,

(१२) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्वर,

(१३) प्रारम्भिक सहकारी संस्थाको हकमा तराईमा न्यूनतम २०० र पहाडमा न्यूनतम १०० सेयर सदस्य संख्या भएको प्रमाण,

(१४) तराईमा न्यूनतम् २ कट्ठा र पहाडमा १ रोपनी घरजग्गा हुनुपर्ने वा लिजमा लिएको भए कम्तीमा ५ वर्षको घरजग्गा धनीसँगको सम्झौता-पत्र

## अनुसुची-३

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>प्रस्ताव पेश गर्ने निवेदन-पत्रको ढाँचा</u>**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय,
लुम्बिनी प्रदेश, मुकाम, बुटवल।

विषयः- सहकारी बजार स्थापना तथा सञ्चालनको लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

हाम्रो .......................................................... सहकारी संस्थाबाट ....................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडा नं.अन्तर्गत........................... स्थानमा सहकारी बजार स्थापना तथा सञ्चालन गर्ने लक्ष्य रहेकोले सोको लागि अनुमानित लागत रकम रु.................मध्ये रु ...................... सहकारीको तर्फबाट व्यहोरी बाँकी रकम रु...................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो प्रस्ताव पेश गरेका छौं।

............................

निवेदकको

नामः

पदः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

सहकारी संस्थाको नामः

सहकारी संस्थाको छापः

## अनुसूची-४

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**व्यवसायिक कार्ययोजनाको ढाँचा**

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने (..........................)

**३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या..........................**

**४. प्रस्तावित कार्यक्रमको नाम :-**

**५. योजना सञ्चालनको लागि जग्गाको विवरण:.............................रोपनी तथा कठ्ठा क्षेत्रफल**

**६. जग्गा भाडामा लिएको भए: ................................वर्षको सम्झौता भएको**

**७. आयोजना सञ्चालानको उद्देश्य.........................................................................**

**८. बजार स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-**

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सञ्चालन खर्च | | | | | | |
| ३.१ | | | | | | | |
| | | | | | | | |

**९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-........................................................**

**१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..................................................................**

**..........................................................................................................................................**

**११. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ....................................**

**१२. आवेदक सघ/संस्थाको पूँजीको विवरणः**

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

**१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम.................................................**

**१४. आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................**

१५. **आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ** ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१६. प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वतावरणीय प्रभाव मूल्याङ्कन | | | |

**१७. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदि भए समाधानका उपायहरु के के हुन सक्छन् ?**

-
-

**१८. कार्यक्रमसम्वन्धी संक्षिप्त विवरण**

**१९. आवश्यकता र औचित्य**

**२०. बजार सञ्चालन हुने स्थान**

**२१. बजारमा प्राप्त हुन सक्ने बस्तुको सूचि**

**२२. बजारका लागि चाहिने बस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक**

**२३. बजारले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या**

**२४. संरचनाको अवस्था र नक्सा सहित**

२५. **संरचना निर्माणमा लाग्ने अनुमानित खर्च**

(क) वस्तु खरिदमा लाग्ने खर्च

(ख) जम्मा अनुमानित लागत

(ग) वार्षिक आम्दानी खर्चको विवरण

**२६. बजारीकरण योजना**

(क) बजारको विकास र बजारीकरणको रणनीति

(ख) लक्षित बजार र ग्राहक

(ग) बजार मुख्य विशेषताहरु

(घ) बजारमा उपलब्ध अवसरहरु

(ङ) बजार विकासका चुनौतीहरु

२७. **सारांश (परियोजनाको औचित्यता र उपादेयता झल्किने)** :

(क) ...........................

(ख) .............

(ग) .......

# अनुसूची-५

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>**

आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्विनी प्रदेशको को मिति .............................. मा प्रकाशित सूचना अनुसार सहकारी बजार कार्यक्रमका लागि अनुदानको ब्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी न्यूनतम .....वर्षसम्म निरन्तरता दिनेछौं।कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा सहकारी हेर्ने विषयगत मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः

ठेगानाः

दस्तखतः

मितिः

सहकारीको छापः

इति सम्वत् २०.............गते ....................रोज ................शुभम्।

## अनुसूची-६

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**प्रारम्भिक मूल्याङ्कन/स्थलगत प्रमाणीकरण फारामको ढाँचा**

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसिम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (..........................)

३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या..........................

४. प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: .............................रोपनी/कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ................................वर्षको सम्झौता भएको

७. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-...........................................................................................................................................

.................................................................................................................................................

८. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..................................................................

.................................................................................................................................................

९. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या...................................

१०. आवेदक सघ/संस्थाको पूँजीको विवरणः

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

११.सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम................................................

१२.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१३. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष..................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१४. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१५. आयोजना सञ्चालनका जोखिमहरु के छन्?

..............................................................

१६. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

........................................

१७. प्रस्ताव पेश गर्दा भरिएको बिवरणहरुको सम्बन्धमा

- दुरुस्त पाईएको
- सामान्य फरक देखिएको
- फारममा पेश गरेको **वि**वरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मुल्यांकन टोलीले के के बिषयहरुमा कमी कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मुल्यांकनमा समाबेश हुनै छैन ।

१८. सिफारिस

उक्त परियोजना प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

* परियोजनासँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, परियोजनासँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

| | |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |

## अनुसूची-७

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनका आधार तथा मापदण्ड</u>**

१. सहकारीको नाम:

२. ठेगाना :

३. सम्पर्क ब्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषय:

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | १५ | | |
| २ | स्थानीय स्रोत साधनको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | १५ | | |
| ४ | थप रोजगारी सिर्जना र गरिवी निवारणमा योगदान | २० | | |
| ५ | बजारको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | भौतिक पूर्वाधार (सिचाइ,सडक, विद्युत आदिको उपलब्धता) | १० | | |
| ८ | भौगोलिक दृष्टिकोणले उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |

## अनुसूची-८

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश मार्फत सञ्चालन गरिने आ.व................ को स्वीकृत सहकारी बजार स्थापना तथा सञ्चालन गर्न ..................................................................(यस पछि पहिलो पक्ष भनिएको) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था .......................................(यस पछि दोस्रो पक्ष भनिएको)बीच तपसिलका शर्तनामाहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक/एक लियौं/दियौं।

१. यो सम्झौता पत्र...........................(पहिलो पक्ष) र............... (दोस्रोपक्ष)बीच सहकारी बजार कार्यक्रम सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले .... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. सम्झौता भएको ............. भित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सहकारी बजार कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्नताको आधारमा बढिमा दुई किस्तामा मात्र उपलब्ध हुनेछ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिँदा अनुगमन समितिको सिफारिसको आधारमा गरिनेछ। दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा सम्झौता तथा मन्त्रालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले पहिलो पक्षसँग अनुरोध गर्नु पर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएको ....दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. यस कार्यक्रम सञ्चालनको कूल लागत रु....................... मध्ये पहिलो पक्षले रु.................... र दोस्रो पक्षले रु....................... व्यहोर्नु पर्नेछ।

९. सहकारी बजार कार्यक्रम सुरु भए पश्चात उक्त कार्यक्रमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१२. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| .......................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०.......साल...............महिना...........गते ...........रोज शुभम्।